# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आम सञ्चारका माध्यममा तत्काल उपयोगका लागि)

२०७३ चैत्र २ गते

### आम-उपभोक्ताको मानव अधिकारको संरक्षण र सम्मान गर्न आयोगको आग्रह

उपभोक्ताको मानव अधिकारको संरक्षणका लागि अनुगमन तथा अनुसन्धान गरी जिम्मेवार निकाय र पक्षहरुलाई दायित्ववोध तथा सचेतीकरण गराउने कार्य यस आयोगबाट हुँदैआएको छ । अनुगमनको क्रममा आम-उपभोक्ताका अधिकारहरुको प्रभावकारी संरक्षण र कार्यान्वयन हुन नसकिरहेको पाइएको हुँदा उपभोक्ता अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दिवस मार्च, १५ को सन्दर्भमा आम उपभोक्ताका अधिकारहरुको संरक्षण र सुनिश्चितताको लागि अग्रसर भई कार्य गर्न आयोग सम्बद्ध सबैलाई आग्रह गर्दछ ।

उपभोक्ताका मानव अधिकारको प्रभावकारी संरक्षण र कार्यान्वयन गर्ने सवालमा आयोगले आफ्नो रणनीतिक योजना र बार्षिक कार्ययोजनामा समाविष्ट गरी उपभोक्ता अधिकारको अनुगमन र यस सम्वन्धमा परेका उजुरीहरु उपर निरन्तर अनुगमन र अनुसन्धान गर्दै आएको छ ।

आयोगद्वारा भएका अनुगमनहरुबाट खाद्य लगायत विभिन्न वस्तुहरुको गुणस्तरहीनता, मिसावट, जथाभावी मूल्य निर्धारण, सिण्डिकेट प्रणाली र कालाबजारीलाई नियन्त्रण गर्न नसकेको, कानूनी दायराभित्र ल्याउन नसकेको, सार्वजनिक सेवाको गुणस्तर, भ्रमात्मक विज्ञापनलाई नियन्त्रण तथा नियमन गर्न सक्ने कानूनहरु विद्यमान हुँदा हुँदैपनि सम्बन्धित निकायले प्रभावकारी रुपमा अनुगमन र नियमन गर्न सकेको नपाइएको, देशको दुर्गम स्थानमा रहेका सामुदायिक वद्यालयहरुमा शिक्षाको गुणस्तर कायम गर्न र निजी तवरबाट सञ्चालित विद्यालयहरुले उपलव्ध गराउनु पर्ने छात्रवृत्ति लगायतका विषयहरु प्रभावकारी कार्यान्वयन गराउन नसकेको, आम उपभोक्तालाई गुणस्तरीय तथा सहज स्वास्थ्य, शिक्षा, खानेपानी र सञ्चारसँग सम्बन्धित सेवामा समेत सहज पहुँचमा कठिनाइ रहेको पाइएको छ ।

अतः आयोग, नेपालको संविधान, उपभोक्ता हित संरक्षण ऐन लगायत उपभोक्ता अधिकारको लागि विद्यमान नेपाल कानून र उपभोक्ता अधिकारको संरक्षणसम्बन्धी संयुक्त राष्ट्र संघीय मार्ग निर्देशिका समेतको प्रभावकारी कार्यान्वयन गरी आम उपभोक्ताको मानव अधिकारका संरक्षण र संवर्द्धन गर्न नेपाल सरकार र सम्वन्धित सरोकारवालाहरुलाई विशेष आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org